मिति २०७८/०६/२२ वैठक संख्याः ७७

आज मिति २०७८/०६/२२ गते दिनको ७:३० बजे यस देवघाट गाउँपालिकाका अध्यक्ष श्री दुर्ग बहादुर थापाको ज्युको अध्यक्षतामा देवघाट गाउँकार्यपालिकाको वैठक बस्यो ।

**उपस्थितीः**

| | **नामथर** | **पद** |
|---|---|---|
| १) | श्री दुर्ग बहादुर थापा | गा.पा. अध्यक्ष |
| २) | श्री बिमला थापा | गा.पा. उपाध्यक्ष |
| ३) | श्री श्री नरहरि सापकोटा | सचिव (प्रमुख प्रशासकिय अधिकृत) |
| ४) | श्री भिम बहादुर गुरुङ | १ नं. वडाध्यक्ष |
| ५) | श्री पोल बहादुर आले | २ नं. वडाध्यक्ष |
| ६) | श्री कृतिमान आले | ३ नं. वडाध्यक्ष |
| ७) | श्री पदम बहादुर गुरुङ | ४ नं. वडाध्यक्ष |
| ८) | श्री याल बहादुर गुरुङ | ५ नं. वडाध्यक्ष |
| ९) | श्री चन्द्र प्रकाश वि.क. | गा.का.पा. सदस्य |
| १०) | श्री रत्न बहादुर बोटे | गा.का.पा. सदस्य |
| ११) | श्री बाल कुमारी परियार | गा.का.पा. सदस्य |
| १२) | श्री भोगी माया राना | गा.का.पा. सदस्य |
| १३) | श्री अनिता गुरुङ | गा.का.पा. सदस्य |
| १४) | श्री यम माया गुरुङ | गा.का.पा. सदस्य |

**कर्मचारी उपस्थितीः**

श्री उमा नाथ ढकाल लेखा अधिकृत

श्री गोविन्द प्रसाद पौडेल (अधिकृत)

## देवघाट गाउँपालिका

**बैठक संख्या ७७** **मितिः २०७८/०६/२२**

**प्रस्तावहरु:**

१. समिक्षा तथा जानकारी .................
२. गैसससँग सहकार्य गर्ने निर्देशिका, २०७८ स्वीकृत सम्बन्धमा ।
३. पूर्ण सरसफाई अनुगमन तथा सहजीकरणका लागि संस्था सूचिकृत, प्रस्ताव आव्हान, संस्था छनौट लगायतका कार्य सम्बन्धमा ।
४. WASH योजना पारित सम्बन्धमा ।
५. वडा नं. ४ गाईघाट, वेलडाँडा सुरक्षित खानेपानी घोषणा धन्यवाद सम्बन्धमा ।
६. कम्प्युटर तालिम, शिक्षक सेवा तयारी कक्षा, लोक सेवा तयारी कक्षा सञ्चालन सम्बन्धमा ।
७. प्रेस सल्लाहकारको पारिश्रमिक सम्बन्धमा ।
८. अस्पतालमा रात्रिकालिन सेवामा खटिएका स्वास्थ्य कर्मचारीहरुको खाजा भत्ता सम्बन्धमा ।
९. दशैं, तिहारको सार्वजनिक विदामा खटिने अस्पताल, स्वास्थ्य चौकी, गाउँपालिका र वडा कार्यालयमा खटिने कर्मचारीको पारिश्रमिक सम्बन्धमा ।
१०. सरसफाई स्वयंसेवकहरुको म्याद थप तथा पारिश्रमिक बापतको रकम यूनिसेफसँग माग गर्ने सम्बन्धमा ।
११. स्थानीय कृषि जन्य (सुन्तला) उत्पादनको निर्यातको ठेक्का व्यवस्थापन सम्बन्धमा ।
१२. कोभिड कोषबाट रु. २० लाख मर्मत कोषमा स्थानान्तरण गरी सडक मर्मत गर्ने सम्बन्धमा ।
१३. देवघाट गाउँपालिका स्थित बाल अधिकार समितिको पदाधिकारी गठन गर्ने सम्बन्धमा ।
१४. देवपुर देखि देउती खोला जाने बाटो मर्मत बातपको रकम भुक्तानी सम्बन्धमा ।

**निर्णयहरु:**

१. पूर्व वैठकका निर्णयहरुको कार्यान्वयनको स्थिति, कामको प्रगतीको बारेमा छलफल तथा समिक्षा एवं गाउँ कार्यपालिकाको कार्यालयबाट सम्पादन भएका कार्यहरुको समीक्षा गरियो ।
२. गैसससँग सहकार्य गर्ने निर्देशिका, २०७८ स्वीकृत गर्ने निर्णय गरियो ।
३. पूर्ण सरसफाई अनुगमन तथा सहजीकरणका लागि संस्था सूचिकृत, प्रस्ताव आव्हान, संस्था छनौट लगायतका कार्य थप अध्ययन गरी अर्को कार्यपालिकाको वैठकमा पेश गर्ने निर्णय गरियो ।
४. देवघाट गाउँपालिकाको खानेपानी, सरसफाई तथा स्वच्छता (WASH) योजना सर्वसहमतीले पारित गर्ने निर्णय गरियो ।
५. वडा नं. ४ गाईघाट, वेलडाँडा खानेपानी तथा सरसफाई योजनाको मिति २०७८/०६/११ गतेका दिन सुरक्षित खानेपानीयुक्त समुदाय घोषणा गरिएकोले उक्त समुदायलाई धन्यवाद सहित अनुमोदन गर्ने निर्णय गरियो ।

नरहरि [illegible]कोटा
प्रमुख प्रशासकीय अधिकृत

दुर्गा बहादुर थापा
अध्यक्ष

६. गाउँपालिका क्षेत्रभित्रका शिक्षित युवाहरुका लागि कम्प्युटर तालिम, शिक्षक सेवा तयारी कक्षा, लोक सेवा तयारी कक्षाका लागि ७ दिने प्रशिक्षण कार्यक्रम आवश्यक प्रक्रिया पूरा गरी सञ्चालन गर्ने निर्णय गरियो ।

७. प्रेस सल्लाहकार श्री आशिक रानाको पारिश्रमिक मासिक रु. २०,०००/- मिति २०७८ श्रावण १ गते देखि लागू हुने गरी उपलब्ध गराउने निर्णय गरियो ।

८. धर्मार्थ अस्पतालमा रात्रिकालिन समयमा खटिएका स्वास्थ्य कर्मचारीहरुलाई सेवामा खटिएका रात्रीका लागि जनही रु. १००/- का दरले खाजा खर्च उपलब्ध गराउने निर्णय गरियो ।

९. दशैं, तिहारको सार्वजनिक विदामा गाउँपालिका, वडा कार्यालय, अस्पताल र स्वास्थ्य चौकीमा खटिने कर्मचारीहरुलाई ८ दिनको प्रति दिन १ दिनको तलव बराबरका दरले नियमानुसार करकट्टी गरी पारिश्रमिक दिने गरियो ।

१०. युनिसिफको सहयोगमा सञ्चालित सरसफाई कार्यक्रमलाई निरन्तरता दिनको लागि सामुदायिक स्वयंसेवकको म्याद थप थप तथा निजहरुको पारिश्रमिक बापतको रकम युनिसेफसँग माग गर्ने निर्णय गरियो ।

११. स्थानीय कृषि जन्य (सुन्तला) उत्पादनको निर्यात बापत वातावरण शुल्क संकलन कार्य ठेक्का व्यवस्थापन प्रक्रिया बमोजिम अगाडि बढाउने निर्णय गरियो ।

१२. अविरल मनसुन वर्षातका कारण देवघाट गाउँपालिका अन्तर्गतका ग्रामिण सडकहरु अवरुद्ध भई आवागमनमा कठिनाई भएको कारण तत्काल सडक मर्मत गर्नुपर्ने अवस्था भएकोले कोभिड कोषबाट रु. २० लाख मर्मत कोषमा स्थानान्तरण गरी सडक मर्मत गर्ने प्रक्रिया अगाडी बढाउने निर्णय गरियो ।

१३. देवघाट गाउँपालिका स्थित बाल अधिकार समितिका पदाधिकारीहरु देहाय बमोजिम गठन गर्ने निर्णय गरियो ।

| क्र.सं. | नाम | पद | सम्पर्क नं. |
|---|---|---|---|
| १ | पदम बहादुर गुरूङ | अध्यक्ष, एवम् कार्यपालिका सदस्य | ९८४४२०९९३३ |
| २ | सुशील लामिछाने | सदस्य, इलाका प्रहरी कार्यालय ईञ्चार्ज | ९८५७०९०४६४ |
| ३ | कृष्णराज पन्त | सदस्य, सामाजिक विकास शाखा | ९८५६०२३४६० |
| ४ | प्रदिप कुमार बुढाथोकी | सदस्य, स्वास्थ्य संयोजक | ९८५५०६५३४६ |
| ५ | होमनाथ लामिछाने | सदस्य, शिक्षा शाखा प्रमुख | ९८४४२०९९८९ |
| ६ | सुर्य प्रसाद ढकाल | सदस्य, मा. वि. प्र.अ. (श्री बज्रयोगिनी मा. वि.) | ९८४५३६४२८९ |
| ७ | कल्पना नैनावस्ति | सदस्य, आ. वि. प्र.अ. (श्री चक्रबर्ती आ. वि.) | ९८४५३९८०८७ |
| ८ | अर्चना साँखी | सदस्य, बाल सञ्जाल प्रतिनिधी | ९८४५२७६९९० |
| ९ | सन्दिप नैनावस्ती | सदस्य, बाल सञ्जाल प्रतिनिधी | ९८४५५९०५८८ |
| १० | सावित्री न्यौपाने | सदस्य, महिला सञ्जाल प्रतिनिधी | ९८४५६३३०४६ |
| ११ | अरूण कुमार खनाल | सदस्य, रोटरी क्लब अफ नारायणगढ प्रतिनिधी | ९८५५०६१२६७ |
| १२ | डा. सुरेन्द्र श्रेष्ठ | सदस्य, बुद्धिजीवी परिषद् अध्यक्ष | ९८४२४९४३८४ |
| १३ | सुभद्रा भट्टराई | सदस्य, महिला, बालबालिका तथा ज्येष्ठ नागरिक ईकाई | ९८४६२८२९७३ |

१४. अविरल मनसुन वर्षातका कारण शालीग्राम करिडोर मो.मार्ग अवरुद्ध भई एम्बुलेन्स सेवा लिन समेत स्थानीय बासिन्दाहरुमा समस्या भएकोले तत्काल उक्त खण्ड अन्तर्गतको देवपुर देखि देउती खोलामा तत्काल मर्मत गर्नु पर्ने भएकोले देवपुर देखि देउती खोला जाने बाटो मर्मत बापतको रकम रु. ४,६४,२३४.६२ (अक्षेरुपी चार लाख चौंसट्ठी हजार दुई सय चौंतिस रुपैंया पैसा बैसट्ठी मात्र) मर्मत सम्भार कोष शिर्षकबाट व्ययभार हुने गरी मुण्डकाली कन्स्ट्रक्सन एण्ड सप्लायर्स, देवघाट ५ तनहुँलाई भुक्तानी दिने निर्णय गरियो ।